**<u>प्रस्तावहरुः</u>**

१. गोदावरी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ सम्बन्धमा ।

२. गोदावरी नगरपालिका न्यायिक समिति कार्यविधि ऐन २०७६ सम्बन्धमा ।

**<u>निर्णयहरू :</u>**

**<u>निर्णय नं.१ :</u>** गोदावरी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७६ नगर सभा बैठकमा पुनः छलफलको लागि पेश हुदा नगर सभाका सदस्यहरुको राय, सुझाव तथा परामर्श समावेश गरी गरी परिमार्जन सहित मिति २०७६ अषाढ १४ गते बसेको नगर सभाबाट पारित गर्ने निर्णय गरीयो ।

**<u>निर्णय नं.२ :</u>** नगर सभा कार्य सञ्चालन कार्यविधि २०७४ को नियम १६ बमोजिम नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा न्यायिक समितिको व्यवस्था भएको हुदा न्यायिक समितिको कार्य सम्पादनलाई सहज तुल्याउन गोदावरी नगरपालिकाको न्यायिक समिति (सञ्चालन कार्यविधि) २०७६ सभामा पेश भएकोमा सभाका सदस्यहरुको राय, सुझाव तथा परामर्श समावेश गरी परिमार्जन सहित मिति २०७६ अषाढ १४ गते बसेको नगरसभाबाट पारित गर्ने निर्णय गरीयो ।

**<u>निर्णय नं.३ :</u>** अर्को नगरसभाको बन्दसत्र मिति २०७६ अषाढ १६ गते विहान ७:०० बजे सोही स्थानमा बस्ने गरी स्थगित गर्ने निर्णय गरीयो ।